आठराई गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २      संख्याः ६मितिः २०७७/३/३१

**भाग-१**

**आठराई गाउँपालिका**

# आठराई गाउँपालिकाको विनियोजिन ऐन २०७७

**आठराई गाउँपालिका संकान्तिबजार**

**तेह्रथुम**

१ नं. प्रदेश, नेपाल

# आठराई गाउँपालिकाको विनियोजित ऐन २०७७

आठराईगाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्था गर्न बनेको ऐन ।

सभाबाट स्वीकृत मितिः-२०७७।३।३१.

**प्रस्तावना**ःआठराई गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिमआठराई गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भः** (१) यस ऐनको नाम " आठराई गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७७।०७८ को निमित्तगाउँकार्यपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ मा उल्लिखितचालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५६०७०९१६०।–अक्षेरुपी छपन्न करोड सात लाख नौ हजार एक सय साठी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :-**(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७७।०७८ को निमित्तआठराई गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिनआएमागाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्चतर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

४. १. साझेदारीमा रहेको रकम कार्यपालिकाको वैठकले निर्णय गरि विनियोजन गर्न सक्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| **क्र. सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगत खर्च** | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १. | २. | ३. | ४. | ५. | ६. | ७. |
| १. | | गाउँकार्यपालिका | ५००००००० | १३२८४९५१० | | |
| २. | | वडा समिति | ३८५०००० | ४७२०९६५० | | |
| ३. | | बिषयगतशाखा | | २९२३००००० | | |
| ४ | | सामाजिक सुरक्षाखर्च | ३४५००००० | | | |
| ४. | | ऋणको सावाव्याजभुक्तानी | ० | ० | ० | |
| ५. | | लगानी (शेयर/ऋण | ० | ० | ० | |
| कुलजम्मा | | | ८८३५०००० | ४७२३५९१६० | | |

मानबहादुर लिम्बू

अध्यक्ष